गण्डकी प्रदेश सरकार
उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
**जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय**
**कुश्मा, पर्वत**

## खरिद सम्झौता अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना ।

(सूचना प्रकाशन मितिः २०८३/०३/११)

यस कार्यालय अन्तर्गत सञ्चालनमा रहेको ठेक्का नं. CKGISP/WRIDDOP/01/075-076, "Construction of Irrigation Canal and Related Structures of Chirdikhola Ghattekulo Irrigation Project, Phalewas-10, Parbat" को निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री जि. एम. आर. कन्स्ट्रक्सन नेपाल प्रा. लि., माडी - ०१, चितवनसँग मिति २०७५/११/०७ मा भएको ठेक्का सम्झौताको म्याद समाप्त भएको र छैटौं पटक सम्म म्याद थप गरेर पनि निर्माण व्यवसायीले सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न नगरेको, कार्य सम्पन्न गर्नको लागि बारम्बार लिखित तथा मौखिक ताकेता गरे पनि खरिद सम्झौताको शर्त बमोजिमका काम नगरी ठेक्का अलपत्र छाडेकोले यस कार्यालयबाट मिति २०८३/०२/२२ मा "ठेक्का किन नतोड्ने ? सम्बन्धी अत्यन्त जरुरी सूचना" सम्प्रेषण गर्दा समेत निर्माण व्यवसायी कार्यालयमा उपस्थित नभएको, निर्माण कार्य ठप्प पारी योजना अलपत्र अवस्थामै छोडेको र कार्य सम्पन्न गर्ने कुनै विश्वसनीय आधार नदेखिएको हुँदा ठेक्का सम्झौताको शर्तहरु [GCC Clause 57.Termination को Sub Clause 57.2(b), 57.3 र 57.4(b)] तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९.(२)(क) र दफा ५९.(७) बमोजिम **ठेक्का सम्झौता अन्त्य गरिएको छ।** यसपश्चात् सोही ऐनको दफा ५९.(८) र ६३.(१)(ग) बमोजिमको कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारीको लागी यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ। साथै हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको नापजाँच गरी वित्तीय फरफारकका लागी निज निर्माण व्यवसायीलाई १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा उपस्थित हुन अनुरोध गरिन्छ। अन्यथा स्वतः नियमानुसार प्रक्रिया अगाडी बढाइने व्यहोरा जानकारी गराइन्छ।

कार्यालय प्रमुख

CS CamScanner